निर्णयहरु :

१.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (आन्तरिक व्यवस्थापन शाखा) सिहदरवार,काठमाण्डौको च.नं.८४ मिति २०७८।०४।२६ गतेको प्राप्त सहमति पत्रअनुसार तत्कालिन जिल्ला विकास समितिको कार्यालय अन्तर्गत संचालित विभिन्न संघ/संस्थाहरु कार्यरत रहि ती संस्थाले खरिद गरेका विभिन्न जिन्सी सरसामानहरु,कागजातहरु समेत जिल्ला समन्वय समितिको कार्यालय लाई हस्तान्तरण भई आएका ती जिन्सी सरसामानहरु कार्यालयका विभिन्न कोठाहरुमा थन्क्याई राखिएका पुरानो भएका,मर्मत गरी प्रयोगमा ल्याउन समेत आवस्यक नभएको र कार्यालयमा वजेट अभाव रहेको र कार्यालयको आवश्यकता भन्दा वढी सरसामानहरु थन्क्याएर राख्दा रेखदेख,संरक्षण समेत हुन नसकि वेकाम हुने अवस्था रहेकाले जिल्ला भित्रका स्थानीय तहहरु तथा सरकारी कार्यालयहरु वाट माग समेत भईरहेको हुदा कार्यालयको आवश्यकता भन्दा बढी भएका पुराना सरसामानहरु (टेवुल,कुर्सि,वुकर्‌याक,टिटेवुल,दराज आदी) लाई मागपत्र संकलन गरी आवश्यकता वमोजिम हस्तान्तरण गर्दै जाने प्रकृया अगाढी बढाउन जि.स.स.को कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

२.मिति २०८०।०१।२९ गते आन्तरिक राजश्व कार्यालय डडेल्धुरामा जि.स.स.प्रमुख श्री गगन सिंह भण्डारीज्युको अध्यक्षतामा वसेको वैठकका सम्वन्धमा यस कार्यालयको स्वामित्वमा रहेको हाल आन्तरिक राजश्व कार्यालय डडेल्धुराले प्रयोग गरिरहेको कार्यालय भवनको अगाडीको भागमा रहेको पुरानो जिर्ण अवस्थामा रहेको घर हाल प्रयोजनमा प्रयोग गर्न नसकिने, कुनै वेला पनि आफै भत्कन सक्ने अवस्था रहि कार्यालयलाई समेत असर पर्ने भएको र सडकको मापदण्ड अनुसार सडक भित्रै पर्ने भएको हुदा उक्त संरचना हटाई उक्त पुरानो जिर्ण भवनवाट प्राप्त ढुङ्गा काठ लगाएत अन्य सामानहरुको सम्वन्धित निकायवाट मुल्याङ्कन गरि आ.रा.का.ले गर्नुपर्ने निर्माण तथा मर्मत कार्यमा प्रयोग गर्न सक्ने भन्ने निर्णय जि.स.स.वोर्ड वैठकमा छलफल भई सो सम्वन्धमा जानकारी गराईयो ।

३.अजयमेरु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डडेल्धुराको च.नं.३१५० मिति २०८०।०२।२२ गतेको प्राप्त पत्रानुसार पालिकाको प्रयोजनका लागि वा १ भ ८२५४ नम्वरको गाडी उपलव्ध गराई दिन हुन अनुरोध भै आएको सम्वन्धमा हाल यस जि.स.स.कार्यालयका ३ तिन वटा पुराना जिप गाडी रहेकोमा उक्त गाडीहरु वेलावेलामा विग्रीई मर्मत तथा ईन्धनमा समेत वजेट न्युन भई गाडीहरु संरक्षण गर्न समेत समस्या भएकोहुदा अजयमेरु गाउँ कार्यपालिकाको कार्यालय डडेल्धुराको माग वमोजिम वा १ भ ८२५४ नम्वरको गाडी हस्तान्तरण गर्न सहमतीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार,काठमाण्डौ लाई अनुरोध गर्ने निर्णय गरियो ।

४.यस जि.स.स.डडेल्धुराका जि.स.स.प्रमुख श्री गगन सिंह भण्डारीज्यु मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सुदुरपश्चिम प्रदेश, धनगढी, कैलालीमा माननिय मुख्यमन्त्री ज्यू मार्फत सुदुरपश्चिम प्रदेश सरकारलाई जि.स.स. को विविध विषयको ज्ञापन पत्र बुझाउने कार्यक्रममा सहभागिता भई आउनु भएको ज्ञापन पत्रका विषयमा छलफल गरियो । उक्त सम्वन्धमा प्राप्त प्रतिवेदनको आधारमा भुक्तानी उपलव्ध गराउन जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५.जिल्ला समन्वय समिति महासंघ नेपालको च.नं.७५-०७९/०८० मिति २०८०।०२।२२ गतेको पत्रानुसार मिति २०८०।०२।२९ र ३० गते काभ्रेपलान्चोकमा संचालन हुने जिल्ला समन्वय समितिहरुको क्रियाशिलता अभिवृद्धिका लागि आवश्यक नीति कार्यक्रम र कार्यदिशा बारे "नीतिगत बहस" कार्यशाला आयोजना हुने भएकोले सो कार्यक्रममा यस जि.स.स.डडेल्धुरा वाट पत्रमा उल्लेखीत जि.स.स.प्रमुख श्री गगन सिंह भण्डारीज्युले सहभागिता जनाउने निर्णय गरियो ।